च.नं : MBL/CS/081/82-51

मिति : २०८१/०९/०५

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवार प्लाजा, काठमाण्डौं, नेपाल ।

**विषय : वार्षिक साधारण सभा सम्बन्धमा ।**

यस बैंकको मिति २०८१/०९/०५ मा बसेको संचालक समितिको ५१८ औं बैठकको निर्णयानुसार यस बैंकको छब्बीसौं वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा सहभागिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

| | |
|---|---|
| मिति | : २०८१ साल पौष २८ गते (तदनुसार १२ जनवरी, २०२५) आइतबार । |
| समय | : विहान ११:०० बजे । |
| स्थान | : होटल पोखरा ग्राण्ड, पार्दी, पोखरा, कास्की । |

**छलफलका विषयहरु :**

(क) **सामान्य प्रस्ताव** :

१. आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको २६ औं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित बैंकको २०८१ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान विवरण, अन्य विस्तृत आय विवरण, नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनीहरु "माछापुच्छ्रे क्यापिटल लिमिटेड" र "माछापुच्छ्रे सेक्युरिटिज लिमिटेड" को आर्थिक वर्ष २०८०/८१ को वित्तीय विवरणहरु सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) छलफल गरी पारित गर्ने ।


**Head Office:**
P.O. Box: 12427, MBL Tower, Lazimpat, Kathmandu, Nepal, Tel: +977-01-4528556, SWIFT: MBLNNPKA, Email: machbank@mbl.com.np, Website: www.machbank.com

४. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ बमोजिम बैंकको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/८२ को लागि बाह्य लेखापरीक्षक नियुक्ती गर्ने र नियुक्तीका शर्त तथा पारिश्रमिक निर्धारण गर्ने । (कम्पनी ऐन २०६३ को दफा १११ (३) बमोजिम बहालवाला लेखापरीक्षक श्री जी.पी.राजबाहक एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्ट्स पुनः नियुक्त हुन योग्य रहेको)

५. नेपाल चार्टर्ड एकाउन्टेण्ट्स संस्था (Institute of Chartered Accountants of Nepal) ले तोकेको न्यूनतम पारिश्रमिकको मापदण्ड बमोजिम हुने गरी आ.व.२०८०/८१ को लागि सञ्चालक समितिले थप गरेको लेखापरीक्षकको पारिश्रमिक उपर छलफल गरी अनुमोदन गर्ने ।

६. सञ्चालक समितिमा संस्थापक शेयरधनी समूहको तर्फबाट रिक्त रहेको सञ्चालक पदमा सञ्चालक समितिले साविक सञ्चालकहरुको बाँकी कार्यकालसम्मको लागि गरेको सञ्चालकहरुको नियुक्ती अनुमोदन गर्ने तथा स्वतन्त्र सञ्चालकको नियुक्तीको जानकारी सम्बन्धमा ।

७. सर्वसाधारण समूहका शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१. बैंकको शेयर संरचनामा अविमोच्य असञ्चिति अग्राधिकार शेयर (Perpetual Non-Cumulative Preference Share) सम्बन्धि व्यवस्था थप गर्ने तथा सोही बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

२. विशेष प्रस्ताव अनुसार प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधन उपर नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

Machhapuchchhre Bank Ltd. Head Office


Head Office:
P.O. Box: 12427, MBL Tower, Lazimpat, Kathmandu, Nepal, Tel: +977-01-4528556, SWIFT: MBLNNPKA, Email: machbank@mbl.com.np, Website: www.machbank.com

819036

**शेयर दाखिल खारेज बन्द सम्बन्धी :**

साधारण सभाको लागि मिति २०८१ साल पौष १४ गते (एक दिन) सेयर दाखिल खारेजको दर्ता बन्द हुने भएको हुँदा सो भन्दा अगाडी नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा कारोवार भई सोको ७ कार्य दिन भित्र यस बैंकको शेयर शाखा, सुन्धारा, माछापुच्छ्रे क्यापिटल लि. रहेको भवन, जे डि ए अफिस कम्प्लेक्स, काठमाडौंमा प्राप्त विवरणको आधारमा तथा हितग्राही खातामा कायम भएका शेयरधनीहरुले सो सभामा भाग लिन, मतदान गर्न पाउने छन् ।

भवदीय,

सुभाष जमरकटेल
कम्पनी सचिव

सन्तोष कोइराला
प्रमुख कार्यकारी अधिकृत

बोधार्थ :

१. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।
२. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
३. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।